# मदाने गाउँपालिका
MADANE RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पुर्कोटदह, गुल्मी
Purkotdaha, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Provience, Nepal


पत्र संख्या/ Letter No. २०७९/०८०
चलानी नं. / Ref. No.: सूचना नं :-६०

मिति:२०७९-१२-२९

गुनासो सुनुवाई सम्वन्धि १५ दिने सार्वजनिक सूचना ।

मदाने गाउँपालिकाको गुनासो सुनुवाई समितिको मिति २०७९-१२-२९ गते वसेको वैठकको निर्णयानुसार गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम "गुनासो सुनुवाई मार्गदर्शन २०७८" बमोजिम यस गाउँपालिकाका ७ वटै वडाको गरिब परिवार पहिचानका लागी भुमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयवाट प्राप्त भएको प्रारम्भिक सूची यस गाउँपालिको सूचना पाटिमा, सम्वन्धित वडा कार्यालयको सूचना पाटिमा र गाउँपालिकाको वेब साईटमा प्रकाशन गरिएको छ ।गुनासो सुनुवाई मार्गदर्शन २०७८ को दफा ३ अनुसार तपशिलमा उल्लेख भएका गुनासो दर्ता गर्ने आधारहरुको अधिनमा रहि तोकिएको ढाँचामा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्वन्धित वडा कार्यालयमा गई निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>गुनासो दर्ता गर्ने आधारहरु</u>

१ गरिव परिवारमा समावेश हुनुपर्नेमा प्रारम्भिक सूचिमा नपरेका भन्ने लागेमा सम्वन्धित परिवारको १८ वर्ष उमेर पुरा भएको सदस्यले अनुसुची-१ बमोजिमका सुचकमा आधारित भई पर्याप्त आधार र कारण खोली गुनासो दर्ता गर्ने ।

२ गरिव परिवारमा समावेश नहुनु पर्नेमा सो सूचिमा प्रकाशन भएको देखिएमा सम्वन्धित स्थानिय तहमा बस्ने जोसुकै व्यक्तिले अनुसुची-१ बमोजिमका सुचकमा आधारित भई पर्याप्त आधार र कारण खोली गुनासो दर्ता गर्ने ।

३ गरिव परिवारको वर्गिकरण गर्दा एक वर्गमा समावेश गर्नुपर्ने परिवारलाई अर्को वर्गमा वर्गिकरण गरेको भन्ने विषयमा उजुरी दिनु परेमा सम्वन्धित व्यक्तिले अनुसुची-१ बमोजिमका सुचकमा आधारित भई पर्याप्त आधार र कारण खोली गुनासो दर्ता गर्ने ।

२०७९।१२।२९

शालिकराम पन्थी
प्रमुख प्रशासकिय अधिकृत